# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

**खण्ड ४८) काठमाडौं, चैत १ गते २०५५ साल (अतिरिक्ताङ्क ७८(अ)**

## भाग ३

### निर्वाचन आयोगको
### सूचना

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४४ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी सम्वत् २०५६ साल वैशाख २० तथा जेष्ठ ३ गते मतदान हुने प्रतिनिधिसभा सदस्यहरुको निर्वाचनको लागि देहाय वमोजिमको मतपत्रको ढाँचा तोकेको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**मतपत्रको ढाँचा**

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५६

...................... जिल्ला, निर्वाचन क्षेत्र नं. ............

गा.वि.स./न.पा. :- .........................

वडा नं. :- .........................

मतदाताको नम्बर :- ............

मतदाताको सहीछाप

..................................................................................

**मतपत्र** प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५६

.................. जिल्ला, निर्वाचन क्षेत्र नं. ............

| | | |
|---|---|---|
| चिन्ह | प्रमुख निर्वाचन आयुक्तको दस्तखत | चिन्ह |
| चिन्ह | | चिन्ह |
| चिन्ह | | चिन्ह |
| चिन्ह | | चिन्ह |
| चिन्ह | | चिन्ह |

..............................

मतदान अधिकृतको सही

**द्रष्टव्य** :- (१) मतपत्रको माथिल्लो भागको अधकट्टीमा मात्र पर्ने गरी पछाडीपट्टी मतपत्रको क्रमसंख्या रहने छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मतपत्रमा सवैभन्दा माथि २०५१ सालको आम निर्वाचनमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उप-धारा (२) को खण्ड (घ) वमोजिमको शर्त पूरा गर्ने राजनैतिक दलका निर्वाचन चिन्ह, त्यसपछि उपर्युक्त वमोजिमको शर्त पूरा नगर्ने राजनैतिक दल र निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त नभएको राजनैतिक दलको रुपमा दर्ता भएका राजनैतिक दलहरुका निर्वाचन चिन्हहरु र त्यसपछि मात्र स्वतन्त्र उम्मेदवारहरुको निर्वाचन चिन्हहरु आ-आफ्नो वर्ग भित्रका दलहरु र स्वतन्त्र उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा क्रम मिलाएर राख्ने । उम्मेदवार नभएको राजनैतिक दलको निर्वाचन चिन्ह प्रदान नगरिएका निर्वाचन क्षेत्रमा प्रकरण ३ वमोजिम चिन्हहरु क्रमैसँग माथि सार्दै लगिनेछ ।

(३) २०५६ सालको आम निर्वाचनमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उप-धारा (२) को खण्ड (घ) वमोजिमको शर्त पूरा गरेको राजनैतिक दलहरु, त्यसपछि उपरोक्त वमोजिमको शर्त पूरा नगर्ने राजनैतिक दलहरु तथा निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त नभएको राजनैतिक दलको रुपमा दर्ता भएको राजनैतिक दलहरुको नामको वर्णानुक्रम अनुसार निर्वाचन चिन्हहरु मतपत्रमा मिलाईने छ । यसरी क्रम मिलाउँदा बायाँबाट गणना शुरुगरी दायाँ तर्फको क्रमवाट क्रमशः गणना गर्दै लाने र राजनैतिक दलको आधारमा क्रम मिलाउँदा कुनै निर्वाचन क्षेत्रमा माथिल्लो क्रममा पर्ने राजनैतिक दलले उम्मेदवार खडा नगरी खाली हुने ठाउँमा तल्लो क्रममा पर्ने दलको चिन्हहरु क्रमैसंग माथि सार्दै लगिनेछ ।

(४) मतपत्रको अधकट्टीमा "प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५६ "........ " जिल्लाको नाम र निर्वाचन क्षेत्र नं., "......." गा.वि.स./न.पा.को नाम र वडा नं. "......." मतदाताको क्रम संख्या", र दयाँपट्टी वर्ग भित्र "मतदाताको सहीछाप" भन्ने शब्दहरु उल्लेख हुनेछन् ।

(५) अधकट्टीको तलको भाग मतदातालाई प्रदान गरिनेछ । मतपत्रको यस भागमा "मतपत्र प्रतिनिधिसभा सदस्य निर्वाचन २०५६" र जिल्लाको नाम तथा निर्वाचन क्षेत्र नं." उल्लेख हुनेछ । त्यसपछि आयतकार कोठामा उम्मेदवारको निर्वाचन चिन्ह हुनेछ । निर्वाचन चिन्हको क्रम समाप्त भएपछि तल दायाँ पट्टी " मतदान अधिकृतको सही" भन्ने शब्दहरु उल्लेख हुनेछन् ।

(६) २०५६ साल बैशाख २० गते मतदान हुने जिल्लाहरुको निर्वाचन क्षेत्रहरुको लागि सेतो कागजमा सेतै मसिले "निर्वाचन आयोग, निर्वाचन आयोग" भन्ने शब्दहरु पूरा पृष्ठमा अंङ्कित गरी मतपत्रको अधकट्टीको विवरण, मतपत्रको मुख्य भागको विवरण, उम्मेदवारको चिन्हहरु र मत संकेत गरिने कोठाहरुका रेखाहरु सिम्रिक रङ्गमा र २०५६ साल जेष्ठ ३ गते मतदान हुने जिल्लाहरुको निर्वाचन क्षेत्रहरुको लाीग सेतो कागजमा सेतै मसिले " Election Commission, Election Commission" भन्ने शब्दहरु पूरा पृष्ठमा अंङ्कित गरी मतपत्रको अधकट्टीको विवरण, मतपत्रको मुख्य भागको विवरण, उम्मेदवारको चिन्हहरु र मत संकेत गरिने कोठाहरुका रेखाहरु हरियो रङ्गमा छापिएका हुनेछन् ।

(७) दायाँ वाँया निर्वाचन चिन्ह रहेका कोठाहरुको रेखाहरुको बीचको खाली ठाउँमा २०५६ साल वैशाख २० गते मतदान हुने जिल्लाहरुको निर्वाचन क्षेत्रहरुको मतपत्रमा सिम्रिक रंङ्गमा र २०५६ साल जेष्ठ ३ गते मतदान हुने जिल्लाहरुको निर्वाचन क्षेत्रहरुको मतपत्रमा हरियो रंङ्गमा प्रमुख निर्वाचन आयुक्तको हस्ताक्षर छापिएको हुनेछ ।

आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको सचिव



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार